फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(मु.प्र. [illegible] उपशाखा)

थकेपुङ, पाँचथर
कोशी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं. ७०८२

मिति: २०८३/०३/२९

**जडिबुटी, कवाडी, जीवजन्तु, कृषिजन्य र वनजन्य कर उठाउने ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२९)
सूचना नं :- PHRM/SQ/R/2082/083-10

यस फालेलुङ गाउँपालिका पाँचथरको आर्थिक ऐन, २०८३, बमोजिम आगामी आ.व. २०८३/०८४ को लागि जडिबुट्टी, कवाडी, जीवजन्तु र वनजन्य कर संकलन गर्न गाउँपालिकाले सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना प्रकाशित गरेकोले इच्छुक फर्म वा कम्पनीहरुलाई यस सूचना बमोजिम सिलबन्दी दरभाउपत्रमा भाग लिन सम्वन्धित सबैको जानकारीको लागि ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ। अन्य जानकारीको लागि यस गाउँपालिकाको वेबसाईट, फेसबुक पेज, सूचना पाटी अथवा राजस्व शाखा प्रमुखको मोबाईल नं ९८४२८७१२६० मा सम्पर्क गर्न हुन अनुरोध छ।

| सि. नं. | आय ठेक्का नं. | शिर्षक | ठेक्काको न्यूनतम कूल ठेक्का अंक (मु.अ.क. बाहेक) रु. | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | PHRM/SQ/R/2082/083-10 | जडिबुटी, कवाडी, जीवजन्तु कृषिजन्य र बन्जन्य कर | ८,००,०००।- | १,००० (पछि फिर्ता नहुने) | कवोल अंकको ५% धरौटी राख्नुपर्नेछ |

**शर्तहरु:**

१. यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन (सो दिन विदा परे त्यस पछि कार्यालय खुलेको पहिलो दिन) कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी ८ (आठ) औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भईसकेपछि दिनको २ बजे सिलबन्दी दरभाउपत्र खोलिनेछ। ठेकेदारका प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र फाराम खरिद एवं दर्ता गर्ने दिन कुनै सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सम्म खरिद वा दर्ता गर्न पाईनेछ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म वा कम्पनी भए दर्ता प्रमाणपत्र, नविकरण प्रमाण पत्र र आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि फारम साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. सिलबन्दी दरभाउपत्र दाताले आपुले कवोल गरेको कबोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी बापतको रकम प्राइम कमर्सियल बैंक मच्छेबुङ्गा रहेको यस कार्यालयको धरौटी खाता नं. ०७३०१००००००००३२१००११२ मा जम्मा गरेको सक्कल

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
CamScanner

फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(राजश्व प्रशासन उपशाखा)

थकेपुङ, पाँचथर
कोशी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं. ७०८२

मिति: २०८३/०३/२९

बैंक भौचर वा सिलबन्दी दरभाउपत्र खोलिने मितिबाट कम्तिमा ७५ दिन मान्य अवधि रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनैपनि बैंकबाट यस कार्यालयको नाममा जारी भाएको विडवण्ड पेश गर्नु पर्नेछ।

४. आन्तरिक राजश्व खाता नं ०७३०१०००००००३१२००१२९ मा सिलबन्दी दरभाउपत्र दस्तुर रकम रु.१,०००/-मात्र (पछि फिर्ता नहुने गरि) वुझाई यस कार्यालयवाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

५. जडिबुट्टी, कवाडी, जीवजन्तु र वनजन्य कर/शुल्क दस्तुरको दर फालेलुङ गाउँपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ।

६. किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको मान्यता प्राप्त बैंकबाट जारी भएको घटीमा १३ तेह्र महिना अवधि भएको परफरमेन्स बण्ड बुझाई ठेक्का रकम तीन किस्तामा बुझाउन पर्नेछ। किस्ता रकम बुझाउदा पहिलो किस्ता ३५ प्रतिशत, दोस्रो किस्ता ३५ प्रतिशत र अन्तिम किस्ता ३० प्रतिशत रकम कायम गरिएको र तोकिएको समयमा सो रकम बुझाऊन नसकेमा सम्झौता रकम को १०% जरिवाना तिर्नुपर्नेछ। यसरी किस्ता बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा, दोस्रो किस्ता पुष मसान्तभित्र र अन्तिम किस्ता जेठ मसान्तभित्र बुझाउनु पर्नेछ। एकमुष्ठ रकम सम्झौताका बखत नै बुझाएमा कबोल गरेको रकमको १०% प्रतिशत छुट हुनेछ।

७. ठेक्काको अवधि सम्झौता मितिको दिन शुरु भई २०८४ साल असार मसान्तसम्म हुनेछ।

८. यस सम्वन्धमा थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. यस सूचनामा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ।

सुमन यङ्या
प्रमुख प्रशासकीय अधिकृत

सुमन यङ्या
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
CamScanner